नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

फोन नं. : ०४१ - ५२०१६६
फ्याक्स : ०४१ - ५२०८५०
Email : janakpur@customs.gov.np

# जनकपुर भन्सार कार्यालय

जनकपुरधाम, धनुषा

मिति: २०८२।०९।०३

## लिलामीको ७ दिने सूचना

यस कार्यालयमा अबैध पैठारी/निकासीको अभियोगमा वादी नेपाल सरकार र प्रतिवादी बेवारीसे भएको भन्सार निकासी/पैठारी अभियोगमा यस कार्यालयमा दर्ता भएको देहाय बमोजिमको मालवस्तु जे जस्तो अवस्थामा छ सोही अवस्थामा भन्सार नियमावली २०६४ को नियम ३६(५) खुल्ला बोलकबोलद्धरा लिलाम बिक्रिगर्नुपर्ने भएको हुदाँ ईच्छुक व्यक्ति, फर्म, तथा संस्थालाई डाँक बढाबढमा भाग लिनको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन मिति २०८२।०९।०९ गतेका दिन (सो दिन सार्वजानिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन) १३:०० बजे देखि १५:०० बजे सम्म यस कार्यालयको परिसरमा डाँक बढाबढहुने छ लिलाम लिन ईच्छुक फर्म/कम्पनिले अनिबार्य रुपमा आयकर, मु.अ. करको दर्ता प्रमाणपत्र, अन्तःशुल्क लाग्ने मालबस्तुको हकमा कारोबार गर्न प्राप्त इजाजत पत्र र आ.ब. २०८१/८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । डाँक बढाबढमा सबै भन्दा बढी अंक कबोल गर्ने फर्म तथा संस्थाको कबोल रकम स्वीकृत गरिने छ ।कबोल अंक स्वीकृत भएको मितिले ७ दिनभित्र आफूले कबोल गरेको मालबस्तुको मुल्य र सोमा प्रचलित नियमानुसार लाग्ने कर (मू.अ.कर,अन्तःशुल्क) रकम समेत भुक्तानी गरी मालबस्तु उठाई लैजानु पर्नेछ । तोकिएको म्यादभित्र मालबस्तु उठाई नलगेमा नियमानुसार हुने व्यहोरा समेत सुचित गरिन्छ । डाक बढाबढमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम नगदै धरौटी वापत तत्काल जम्मा गर्नु पर्ने छ । डाँक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । अन्य ब्यहोरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस कार्यालयको मुद्दा शाखामा आइ बुझ्न सकिने छ । यस सुचनामा उल्लेख भए बाहेक अन्य बिषयहरु प्रचलित नेपाल कानुन बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ । यो सुचना भन्सार विभागको website.www.customs.gov.np / janakpur@customs.gov.np मा समेत हेर्न सकिनेछ ।

तपसिल

| सि.नं. | दर्ता मिति | मुद्दा नं. | मालवस्तुको विवरण | प्रतिबेदन मुल्य |
|---|---|---|---|---|
| १ | २०८२।०८।१४ | ०१८१ | लेडिज जिन्स १६ पिस कुर्ता सेट १४ पिस कुर्ता १२ पिस अमरेला सेट ३ पिस साडि १३६ पिस थान कपडा २थान भलबेट कपडा थान २ थान लेडिज साल ७० पिस उल्लेनको साल लेडिज २१ पिस उल्लेनको थान कपडा ८ थान (१४५ मि.) झुल १०१ पिस खोल बलेक्केटको ५० पिस त्रिपाल ६ पिस विभिन्न किसिमको कस्मेटिक १ बोरा सुपर लेखिएको मोबाइल ग्लास ३४७ प्याकेट ईससडी मोबाईल ग्लास १९ प्याकेट सर्टको कपडा ४ थान पाइन्टको थान कपडा ६ थान पेटिकोट थान कपडा १६ थान | ३६७२०० |
| २ | २०८२।०८।१५ | ०१८५ | साडी ३० पिस बच्चाको सेट कपडा ५३ जोर | २३४०० |
| ३ | २०८२।०८।१६ | ०१८६ | कुर्ता ५६ पिस कुर्ता सुरुवाल ६० पिस ब्लाउज २४० पिस बच्चाको झुल २५ पिस बच्चाको झुल्ने झुल १७ पिस | १०५६०० |